# मध्यविन्दु नगरपालिकाको कार्यालय
# चोरमारा, नवलपरासी
### सौर्य सडक बत्ती जडान सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७३।१०।४ गते)

यस मध्यविन्दु नगरपालिका क्षेत्रमा जनसहभागीतामा आधारित सौर्य सडक वत्ती कार्यविधि, २०७२ अनुसार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, मध्यविन्दु नगरपालिका र स्थानीय उपभोक्ताको संयुक्त लगानीमा शहरी सौर्य उर्जा जडान गर्न निम्न शर्तहरुको अधिनमा रही सम्बन्धित सोलार फर्म/कम्पनीहरुवाट रित पुर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. बोलपत्र फारम रु ३,०००।(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म मिति २०७३।११।४ ( बोलपत्रको अंतिम मिति) गते भित्र निवेदन र कम्पनि दर्ताको प्रमाणपत्रहरु, कर चुक्ता प्रमाणपत्र (आ.व. २०७२-७३) सहित संलग्न गरी मध्यविन्दु नगरपालिका कार्यलय कार्यालय समयमा खरिद गर्न सकिने छ । अन्तिम दिन विदा परेमा त्यस पश्चात कार्यलय खुल्ने पहिलो दिन लाई अन्तिम दिन मानिनेछ।

२. बोलपत्रदाताहरुको लागी मिति २०७३/१०/२४ गते दिनको २ वजे बोलपत्र पेश गर्नु पूर्व बैठक (Pre Bid Meeting) गरिनेछ।

३. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नाम थर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७३।११।५ गते दिनको १२ बजे भित्र मध्यविन्दु नगरपालिका कार्यलयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधि, फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिनमा सार्वजनिक विदा पर्न गएमा त्यस पश्चात कार्यालय खुलेको दिन सोही समयमा दर्ता गर्न तथा खोल्न सकिने छ।

४. बोलपत्रशर्त रहितर केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाँउमा बोलपत्रदाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

५. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, परासीको धरौटी खाता नं. ३१००३०३००२३८२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनुपर्ने छ ।

६. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकमा सार्वजनिक खरिद ऐनको दफा १३ को (ढ१) बमोजिमले हुने रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, परासीको धरौटी खाता नं. ३१००३०३००२३८२ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा २ वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नुपर्नेछ ।

७. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकमअंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र फारामको प्रत्येक पानामा सम्बन्धित ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

८. एक फर्मको नाममाखरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछन ।

१०. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

१२. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सूचना नगरपालिकाको web site www.madhyabindumunicipality.gov.np मा समेत हेर्न सकिने छ ।

| वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर वाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर सौर्य सडक बत्ती जडान कार्य मध्यविन्दु नगरपालिका नवलपरासी | ३५,६६,०२३ | १,००,०००। | ३०००। | |